प्रमुख प्रशासकीय अधिकृत

# सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सन्धिखर्क, अर्घाखाँची प्रदेश नं. ५, नेपाल

### आ.व २०७६/०७७ को लागि आन्तरिक आयठेक्का सम्बन्धि सिलबन्दी १५ दिने दरभाउपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७६/०७/०५

यस कार्यालयबाट आ.व २०७६/०७७ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (५९) (६०) र (६४) बमोजिम यस नगरपालिकाबाट देहायका शिर्षकमा ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, कम्पनी र फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१ सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजश्वशाखा बाट रु १००० (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी ,करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्नेछ ।

२. न्यूनतम अंक देहाय बमोजिम रहेको र उक्त रकममा मुल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

३ कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

४. सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत ले हुने रकम यस कार्यालयको रा.वा बैक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०३०३०००७१०६ मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिन म्याद भएको बैक ग्यारेण्टी संलग्न हुनुपर्नेछ ।

५ पत्रिकामा प्रकाशित भएको मितिले १६ दिनको दिन १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्ने छ। सोही दिनको २ बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्ने छैन ।

६ दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिने छ ।

७ कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

८. ठेक्का अवधि २०७७ आषाढ मसान्त सम्मको हुनेछ भने ठेक्का नं १५ को हकमा जेष्ठ मसान्त सम्म मात्र म्याद हुने छ ।

९ सम्झौताका शर्तहरु उल्लघंन भएमा कार्यालयले विचैमा पनि ठेक्का तोड्न सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन । सबै रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१०. ठेक्का सम्झौता गर्दा कबोल रकमको ५० प्रतिशत रकम दाखिला गरेपछि सम्झौता गरिने र बाँकी रकम २०७७ साल जेष्ठ मसान्त सम्म यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ । र बाँकी रकमको बैक ग्यारेण्टी २०७७ साल आषाढ मसान्त सम्मको पेश गर्नुपर्ने र यस कार्यालयम दाखिला गर्नुपर्ने रकम दाखिला गरिसकेपछी बैक जमानत फुकुवा गरिनेछ ।

११ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुने छ ।

१२. ठेक्का सम्बन्धि अन्य शर्तहरु दरभाउपत्रसाथ उपलब्ध गराईनेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| ठेक्का नं | कामको विवरण | न्यनतम अंक | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १२-०७६-०७७ | नरपानी पिक्नीक स्पोर्ट ( क्षेत्र) पिक्निक सेड र सो क्षेत्र पार्किङ्ग शुल्क समेतको लागि ( खाँचीखोला र नरपानीको पार्किङ्ग स्थल ) | ३०००००। | १००० | |
| १३-०७६-०७७ | हाट बजार बसपार्क क्षेत्र र शान्तिनगर टोलमा लाग्ने हाट बजार समेतको शुल्क | १२५००० । | १००० | |
| १४-०७६-०७७ | बसपार्क, पुरानो बसपार्क ,अर्घाखाँची आयल डिष्ट्रीब्यूटर्सको अगाडि देखी बाँगी खोला भट्टी खोलाको भगवती मन्दिरको खोला किनारी साइड तर्फ र उपल्लो गुण्टीखोलाको साइड तर्फ को क्षेत्र पार्किङ्ग शुल्क लिने प्रयोजनका लागि | १५००००। | १००० | |
| १५-०७६-०७७ | नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्रि बाँगी ,मथुरा ,जरे खोला (६००७ ) घनमीटर । | ६३५७८१ | १००० | |

प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np